जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १२८ पृष्ठः ४ | २०८२ भदौ २२ गते आइतबार (Sunday 07 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## स्कूल बसले किचेर विद्यार्थीको ज्यान गयो, चालक फरार

सिरहा, २१ भदौ। सिरहाको गोलबजारमा स्कूल बसले किचेर विद्यार्थीको ज्यान गएको छ। गोलबजार नगरपालिका २ टुड्कीया सैनिक चौकस्थित ट्रिनिटी बोर्डिङ्ग स्कूलको ग १ ख ३७८८ नम्वरको बसले सोही विद्यालयमा अध्ययनरत स्थानीय मदन साहको छोरा अन्दाजी १० वर्षिय आदर्श कुमार साहलाई ठक्कर दिंदा उनको घटनास्थलमै ज्यान गएको हो। विद्यालयबाट घर जाने क्रममा बसले किच्दा टाउकोमा गम्भिर चोट लागेका साहको घटना स्थालमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूनचा अधिकारी डीएसपी बीरेन्द्र कुमार पासवानले जानकारी दिए।

ठक्कर दिने बसको चालक गोलबजार ३ का अन्दाजी २८ वर्षिय बिमल भुजेल घटनालगतै फरार भएको छ उनको खोजतलास भईरहेको प्रहरीले जनाएको छ। शव कानुन बमोजिम प्रकृति मुचुल्का गरी पोष्ट मार्टमको लागि राउ स्मारक प्रादेशिक अस्पताल लहान पठाइएको छ। बस प्रहरीको नियन्त्रणमा रहेको छ। प्रहरीले स्कुलका संस्थापक प्रिन्सिपल दिलिप बुढाथोकीलाई नियन्त्रणमा लिई अवाश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

## सामाजिक प्लेटफर्म बन्दले अभिभावक सुखी, प्रयोगकर्ता दुःखी

**धीरेन्द्रप्रसाद साह**

जनकपुर, २१ भदौ। एका बिहानै उठ्ने बित्तिकै मोबाइलमा सामाजिक प्लेटफर्ममा रमाइरहने, राति सुत्नुअघि पनि सामाजिक सञ्जाल स्क्रोल गर्ने बानी सामान्य भइसकेको थियो। यस प्रवृत्तिले महिला, बालकबालिका, परिवार र समाजमा नकारात्मक असर पार्दै गएको अभिभावकहरूले बेलाबखतमा आवाज उठाउँदै आउनु भएको थियो।



खासगरी बालबालिका पढाइभन्दा बढी टिकटक, फेसबुक वा भिडियो गेममा रमाउन थालेका थिए भने महिलाहरू घरायसी काम सकेपछि छिमेकीसँग भेटघाट गर्नुभन्दा मोबाइलमै समय बिताउन रुचाउने अवस्था देखिन्थ्यो। यसरी सामाजिकीकरण भन्दा मोबाइलकरणले स्थान लिन थालेपछि अभिभावकहरू गहिरो चिन्तामा परेका थिए। पछिल्लो दुई दिनदेखि बन्द रहेको यस्ता सामाजिक सञ्जालका कारण अभिभावकहरू खुसी व्यक्त गर्नुहुन्छ। उचित प्रयोगभन्दा गलत प्रयोगले रचनात्मक कार्य गर्ने समय व्यतित भइरहेको अवस्थामा सामाजिक सञ्जालका यी प्लेटफर्महरू बन्द गरेकोमा अभिभावकहरू सरकारलाई धेरै धन्यवाद पनि दिनुहुन्छ।

यता सामाजिक प्लेटफर्मको प्रयोग गरेर विदेशमा रहेका श्रीमानसँग नियमित कुराकानी गर्न साह्रै अप्ठ्यारो भएको सरस्वतीदेवी खड्कले दुःखेसो पोख्नुभयो। उहाँले भन्नुभयो, "हमर घरवाला कतार मे छै, सब दिन फेसबुकसे बात करै छलिए। दुई दिन से बात नइ भेल।" अर्थात् फेसबुक मेसेन्जर बन्द भएको कारण पछिल्लो दुई दिनदेखि सरस्वतीले वैदेशिक रोजगारका लागि कतारमा रहेका श्रीमानसँग कुराकानी गर्न सक्नु भएको छैन। सरस्वती जस्तै उचित प्रयोगकर्ताहरूको यस्तो साझा समस्या नै हो।

नेपाल सरकारले दर्ता नगरेका र कर नतिरेका एप्सलाई सञ्चालनमा रोक लगाउँदै अबदेखि अनिवार्य रूपमा दर्ता र कर बुझाएर मात्रै प्रयोग गर्न पाउने व्यवस्था लागु गरेको कारण यस्तो अवस्था आएको हो। नेपाल सरकारले बिहीबारदेखि विभिन्न २६ वटा सामाजिक सञ्जाल तथा एप्समाथि अस्थायी रोक (निस्क्रिय) लगाएको छ। यसले राजस्व सङ्कलन,

**–बाँकी तीन पेजमा**

## कांग्रेस र कम्युनिस्टहरू संघीयताको पक्षमा छैनन् : अध्यक्ष यादव

जनकपुरधाम, २१ भदौ। जनता समाजवादी पार्टी (जसपा) नेपाल का अध्यक्ष उपेन्द्र यादवले कांग्रेस र कम्युनिस्टहरू संघीयताको पक्षमा नरहेको आरोप लगाएका छन्। शुक्रबार जनकपुरधाममा संघीय लोकतान्त्रिक मोर्चाले आयोजना गरेको 'वर्तमान राजनीतिक अवस्थाः जनजागरण अभियान' लाई सम्बोधन गर्दै उनले नेपाली कांग्रेस र कम्युनिस्टका कारण संघीय लोकतान्त्रिक गणतन्त्र सबैभन्दा बढी संकटमा रहेको बताए।अध्यक्ष यादवले भने, 'संघीय लोकतान्त्रिक गणतन्त्र सबैभन्दा धेरै संकटमा छ, धरापमा छ। काँग्रेस र कम्युनिस्टको कारण हो। कहिले पनि काँग्रेस संघीयताको पक्षमा छैन। कहिले पनि नेपाली काँग्रेस गणतन्त्रको पक्षमा थिएन। बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र कांग्रेसको मूल मन्त्र हो। यो माला जपिरहन्छन्।' उनले नेपालमा वास्तविक कम्युनिस्टहरू नरहेको र कम्युनिस्टको साइनबोर्ड लगाएर सबै कमाउने र अवसरवादीको जमात मात्र जम्मा भएको आरोप लगाए।

## पर्सामा हैजा सङ्क्रमितको संख्या घट्न थाल्यो

काठमाडौं, २१ भदौ। पर्सामा हैजाको सङ्क्रमितको संख्या घट्न थालेको छ। दुई हप्ता अघि अर्थात् भदौ ६ गते शुक्रवारदेखि देखिएको हैजाको सङ्क्रमण पछिल्ला केही दिनदेखि घटेको हो। जिल्ला स्वास्थ्य कार्यालय पर्साका अनुसार पछिल्लो २४ घण्टामा झाडापखालाको २८ जना नयाँ बिरामी थपिएका छन्। अब एक हप्तामा झाडापखाला र हैजाका नयाँ बिरामी आउने क्रम रोकिने अनुमान रहेको नारायणी अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहले बताउनुभयो।

दुई हप्तामा झाडापखाला र हैजाका एक हजार ५४ बिरामी उपचारका लागि अस्पताल भर्ना भएकामा दुई सय दुई जनामा हैजा सङ्क्रमण पुष्टि भएको छ। उनीहरु मध्ये एक सय ८८ जना वीरगञ्ज महानगरपालिका र १४ जना पोखरिया नगरपालिकामा बसोबास गर्ने हुन्। हैजा सङ्क्रमितमध्ये एक सय ८६ जना उपचारपछि घर फर्किएका छन्। १६ अझै पनि विभिन्न अस्पतालमा उपचाररत छन्। यस्तै झाडापखालाका समेत गरी एक सय पाँच जना बिरामी अस्पतालमा उपचाररत रहेका जिल्ला स्वास्थ्य कार्यालय पर्साले जनाएको छ।



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## बजारबाट सामाग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा

**क्रेता वा सामाग्री खरिदकर्ताले:**

- विल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौ,
- सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT), लगायत विवरण हेर्ने गरौ,
- विलमा मिति, विजक नम्बर र किनमेल गरि एको स्थान सही छ वा छैन जाँच गरौ,
- प्राप्त विल वा रसिदलाई सुरक्षित राखौ,
- विलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र एब्ल नम्बर उल्लेखित भए/नभएको हेरौ,
- कुनैपनि वस्तु तथा सेवा खरिद गरेपछि विल/विजक मागे गरौ,

**बिक्रेताले:**

- ग्राहकलाई सामाग्री खरिद गरेको विल अनिवार्य रुपमा दिऔं,
- विल बमोजिमको सामान उपलब्ध गराऔं,
- सामान खरिद विक्री गर्दा विल अनिवार्य लिने/दिने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## अब मौन बस्ने बेला होइन

सिरहास्थित प्रादेशिक अस्पतालमा भेन्टिलेटरको सुविधा नहुँदा औरही गाउँपालिका–३ खजनपुरका ५५ वर्षीय किसान राजेन्द्र यादवको ज्यान गएको खबर केवल एउटा सामान्य दुर्घटना होइन, यो राज्यको स्वास्थ्य प्रणालीप्रतिको असफलताको एउटा ठोस प्रमाण हो । सर्पदंशको सामान्य उपचार नपाएर ज्यान गुमाउनु परेपछि अहिले स्थानियबासी आक्रोशित हुनु स्वाभाविक हो । यो घटना केवल यादव परिवारको पीडा होइन, हजारौं ग्रामीण नेपालीको साझा चिन्ता बनेको छ ।

भदौ १४ गते दिउँसो सर्पले टोकेपछि यादव आफैँ हिँडेर प्रादेशिक अस्पताल पुगेका थिए । उनी समयमै अस्पताल पुगे पनि उपचारमा देखिएको ढिलाइ र अस्पतालमा आवश्यक भेन्टिलेटर सुविधा नहुँदा अन्ततः अन्य अस्पतालमा रिफर गरिएपछि उनको मृत्यु भयो । यो घटनाले एउटा गम्भीर प्रश्न उठाउँछ – जनताको जीवनरक्षा गर्न बनाइएका सार्वजनिक अस्पतालहरू कति सक्षम छन?

सिरहा विकास मञ्च र स्थानीयबासीहरूले गरिएको विरोध प्रदर्शनको मागहरू हेर्दा स्पष्ट हुन्छ कि यो कुनै एक घटना होइन, प्रणालीगत कमजोरीको नतिजा हो। विरोधकर्ताहरूले तीनबुँदे माग प्रस्तुत गर्दै अस्पतालमा आइसियू र भेन्टिलेटरको सुविधा तुरुन्तै स्थापना गर्न जोड दिएका छन् । यो माग कुनै विलासी चाहना होइन, ग्रामीण जनताको बाँच्न पाउने आधारभूत अधिकार हो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुनिलप्रसाद कुशवाहाले भने अनुसार बिरामीलाई एन्टिस्नेक भेनम दिइएको थियो तर जब स्थिति गम्भीर भयो, त्यहाँ भेन्टिलेटर नभएकाले रिफर गर्नुपरेको थियो । प्रश्न उठ्छ, जब थाहा थियो कि अस्पतालमा भेन्टिलेटर छैन, तब सुरु देखिनै किन प्राथमिकता दिएर तीव्र उपचार गरिएन? किन यस्ता आकस्मिक अवस्थाका लागि तयारी अवस्थामा समर्पित मेडिकल टिम राखिएको छैन?

नेपाली संविधानले नागरिकलाई स्वास्थ्य सेवा पाउने अधिकार प्रत्याभूत गरेको छ । तर जब एकजना गरीब किसान सामान्य उपचार नपाएर मर्छन्, त्यो अधिकार कागजमा मात्र सीमित देखिन्छ। नेपालको ग्रामीण भेगमा अझै पनि आकस्मिक स्वास्थ्य सेवा अत्यन्त कमजोर छ । एउटा प्रादेशिक अस्पतालमा पनि भेन्टिलेटरको सुविधा नहुनु गम्भीर व्यवस्थापनको कमजोरी हो ।

सरकारले स्वास्थ्य क्षेत्रमा ठूलो बजेट विनियोजन गर्दै आएको भए पनि त्यो कहाँ खर्च भइरहेको छ भन्ने प्रश्न उठाउन जरुरी छ । योजना बनाउने, उद्घाटन गर्ने र प्रतिवेदन लेख्नेभन्दा बढी आवश्यक छ सेवा दिने संरचना तयार गर्नु । अहिलेको अवस्था हेर्दा जनताको ज्यान सस्तो बन्दै गएको देखिन्छ ।

सिरहाको घटनाले एउटा गम्भीर सन्देश दिएको छ, अब ढिलो नगरी सबै प्रादेशिक अस्पतालमा न्यूनतम आवश्यक स्वास्थ्य संरचना (ICU, भेन्टिलेटर, प्रशिक्षित जनशक्ति) अनिवार्य गर्नुपर्छ । सर्पदंशजस्ता घटनामा तत्काल उपचारका लागि विशेष तालिम प्राप्त टोली र आवश्यक औषधिको उपलब्धता सुनिश्चित गरिनुपर्छ । अस्पताल व्यवस्थापनमा देखिएको लापरबाहीका लागि स्पष्ट जवाफदेही बनाइनुपर्छ । जनताले कर तिरेर बनाएको अस्पतालमा लापरबाहीले मृत्यु हुनु अपराध सरह हो ।

राजेन्द्र यादवको मृत्यु कुनै एक व्यक्तिको पीडा मात्र होइन, यो राज्यप्रणालीको कमजोरीको भयावह उदाहरण हो । सरकार, सम्बन्धित निकाय र जनप्रतिनिधिहरूले अब पनि आँखा चिम्लेर बस्ने हो भने यस्ता घटनाहरू दोहोरिरहनेछन । स्वास्थ्यलाई प्राथमिकता दिने हो भने त्यसको सुरुआत यस्तै घटनाबाट पाठ सिकेर, तत्काल सुधारका कदम चालेर गर्न सकिन्छ । किनकि नागरिकको जीवनभन्दा ठूलो अरू केही हुन सक्दैन ।

# सामाजिक सञ्जाल प्रतिबन्ध हुँदा कहाँ कहाँ पर्छ असर ?

**चिरञ्जीवी अधिकारी**

काठमाडौँ, २१ भदौ। नेपाल सरकारले बिहीवार सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धले देशको सूचना प्रविधि (आईटी) क्षेत्र गम्भीर असर पर्ने देखिएको छ। जसबाट लाखौं नागरिकको रोजगारी र समग्र व्यापार व्यवसायमा गहिरो र नकारात्मक प्रभाव पार्ने देखिएको छ। सरकारको यो निर्णयलाई अदूरदर्शी र राष्ट्रिय हित विपरीतको कदम चालेको छ। 'नेपाली आईटी दशक' र 'डिजिटल नेपाल'को सरकारी नारामाथि नै प्रश्नचिह्न खडा गरेको छ।

सामाजिक सञ्जाल अहिले नेपालीहरूको दैनिक जीवनको अभिन्न अंग बनिसकेको छ। फेसबुक, इन्स्टाग्राम, ट्विटरजस्ता प्लेटफर्महरू केवल मनोरञ्जनका साधन होइनन्। अन्य सञ्चार, सूचना आदानप्रदान, सामाजिक सम्बन्ध कायम राख्ने र व्यक्तिगत तथा व्यावसायिक अवसरहरूको माध्यम बनेका छन्। मानिसहरूले आफ्ना सुख–दुःख बाँड्न, महत्त्वपूर्ण जानकारी लिन–दिन र आपत्कालीन अवस्थामा समेत यी माध्यमहरूको प्रयोग गर्ने गरेको यथार्थलाई सरकारले बिर्सेको देखिन्छ। सरकार केही समय अघि टिकटकलाई नेपालमा प्रतिवन्ध लगाएको थियो। तर त्यसको ठूलो प्रभाव नपरे पनि ६ महिनापछि फुकुवा गरेको थियो। अहिलेको २६ भन्दा बढी सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धलाई टिकटकमाथिको प्रतिबन्धसँग तुलना गर्न मिल्दैन।

टिकटक मुख्यतया मनोरञ्जन केन्द्रित प्लेटफर्म भए पनि फेसबुकजस्ता माध्यमहरू व्यावसायिक गतिविधि, शिक्षा, स्वास्थ्य र सामाजिक परिचालनका लागि समेत व्यापक रूपमा नेपालमा प्रयोग भइरहेको छ। घरमा कोही मर्दा पर्दा मलामी जान समेत फेसबुक प्रयोग गरिन थालेको छ। जसले सामाजिक सञ्जाल नेपाली समाजमा कति गहिरोसँग जरो गाडेको छ भन्ने देखाउँछ। यसरी जीवनको हरेक पाटोमा जोडिएका प्लेटफर्महरूलाई अचानक बन्द गर्दा त्यसले सामाजिक, मानसिक र आर्थिक रूपमा गम्भीर असर पार्ने देखिन्छ।

**आईटी इकोसिस्टममा धक्का र नवप्रवर्तनमा अवरोध**

सरकारले एकातर्फ 'नेपाली आईटी दशक' घोषणा गर्दै सूचना प्रविधिबाट समृद्धि ल्याउने सपना बाँडेको छ भने अर्कोतर्फ आईटी क्षेत्रकै मेरुदण्ड मानिने सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाएर विरोधाभासपूर्ण नीति लिनु राम्रो होइन। सरकारको यस कदमले नेपालको समग्र आईटी इकोसिस्टममा ठूलो धक्का पुग्ने र नवप्रवर्तनको वातावरण बिग्रने निश्चित छ। यसको ज्वलन्त उदाहरणका रूपमा हामीले 'हाम्रो पात्रो' नामक नेपाली एप पनि पर्नु हो। हाम्रो पात्रो कुनै सामान्य एप नभई विश्वव्यापी रूपमा नेपालीहरूले प्रयोग गर्ने, गैरआवासीय नेपाली ( एनआरएन)हरूका लागि समेत महत्वपूर्ण रहेको र सबैभन्दा धेरै डाउनलोड भएका नेपाली एपहरूमध्ये एक रहेको छ।

हाम्रो पात्रो एक सफल नेपाली उत्पादन हो। यसलाई समेत बन्दको सूचीमा राख्नुले युवा उद्यमीहरूलाई गलत सन्देश गएको छ।यो नेपालको पुल्चोक इन्जिनियरिङ कलेजका युवाले सोचेको साना सपना हो। यस्ता सपनाहरूमाथि प्रतिबन्ध लगाउनु भनेको देशको भविष्यमाथि नै प्रश्नचिह्न खडा गर्नु हो। सरकारको यो कदमले स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको विश्वासमा कमी आउँछ। नेपालमा सूचना प्रविधि क्षेत्रमा लगानी गर्न हिचकिचाउने अवस्था आउन सक्ने खतरा बढेको छ। आईटी क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार, नीतिगत स्थिरता र विश्वासको वातावरण कमजोर हुँदा यसले लामो समयसम्म नकारात्मक असर पार्न सक्ने हुन्छ।

**रोजगारी र आर्थिक उपार्जनमा भयावह असर**

सामाजिक सञ्जालमाथिको प्रतिबन्धले रोजगारी सिर्जना र आर्थिक उपार्जनमाथि भयावह असर पार्ने देखिन्छ। विशेषगरी, युवा वर्ग जो सामाजिक सञ्जाललाई माध्यम बनाएर स्वरोजगार बनेका छन् र डलरमा आम्दानी गरिरहेका छन्, उनीहरू प्रत्यक्ष मारमा पर्नेछन्। एउटा युवाले घरमा बसेर सामाजिक सञ्जालको प्रयोग गरेर ५० हजार, १ लाख, डेढ लाख, २ लाख कमाउने गरेका थिए। २ लाखसम्म आम्दानी गर्ने सोसल मिडिया एउटा प्लेटफर्म बनेको थियो ।

जसमा इन्स्टाग्राम, युट्युबजस्ता प्लेटफर्मबाट कन्टेन्ट बनाएर नेपालीहरूले ५० हजारदेखि १ लाख भ्यूज पुऱ्याएर ४०० डलरसम्म कमाउने गरेको उदाहरण छन्। यस्ता हजारौं युवाहरूको आम्दानीको स्रोत बन्द हुँदा उनीहरूको जीवनयापनमा संकट आउने र यसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने देखिन्छ। कतिपय साना तथा मझौला व्यवसायीहरू (एसएमई) र स्टार्टअपहरूले सामाजिक सञ्जाललाई आफ्ना उत्पादन तथा सेवाको प्रचारप्रसार र बिक्रीका लागि प्रमुख माध्यम बनाएका छन्। विज्ञापन, ग्राहक सेवा, अनलाइन व्यापार र बजारीकरणका लागि यी प्लेटफर्महरू अपरिहार्य बनिसकेका छन् ।

सरकारले लगाएको प्रतिबन्धले उनीहरूको व्यापार व्यवसाय धराशायी बनाउनेछ। यसअघि पनि आईटी क्षेत्रमा अवसर नपाएर २ हजार देखि २ हजार ५ सय आईटी क्षेत्रका जनशक्तिहरु भारतमा काम गरिरहेका छन्। सरकारको यस कदमले बेरोजगारी बढाउने र थप नेपालीहरूलाई विदेशिन बाध्य पार्ने अवस्था देखिन्छ।

**प्रतिबन्ध होइन, नियमन र सहकार्य आवश्यक**

सरकारको नियन्त्रणमुखी सोच र प्रतिबन्धको नीति गलत भएको छ। सामाजिक सञ्जाललाई पूर्ण रूपमा बन्द गर्नुको सट्टा प्रभावकारी नियमन गर्ने र सरोकारवालाहरूसँग सहकार्य गर्नेतर्फ सरकार लाग्नुपर्ने थियो। कन्टेन्टमा रेगुलेट गर्ने हो र त्यो कम्पनीहरूसँग साझेदारी गर्नका लागि एउटा टिम खडा गर्नु थियो। तर सरकारले त्यो काम नगरेर उल्टो बाटोमा सरकार गएको देखिन्छ। आईटी व्यवसायीहरु नेपालको कानुन मान्नुपर्छ भन्ने कुरामा आफूहरू सकारात्मक भए पनि प्लेटफर्म र प्रविधिलाई नै बन्द गर्नुपर्छ भन्ने कुरामा कुनै पनि सूचना प्रविधिका विद्यार्थी, विज्ञ वा अभियन्ता सकारात्मक छैनन्।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मार्क जुकरबर्गसँग भेटेर भारतीय बजारको आवश्यकता र नियमहरूबारे छलफल गरेका छन्। तर नेपाल सरकारले पनि सोही अनुरुपको कूटनीतिक पहल गर्नुपर्ने थियो। तर सरकार एकपक्षीय निर्णय गरेको छ। त्यस्तो गर्नुको सट्टा, फेसबुक, ट्विटरजस्ता प्लेटफर्मका प्रतिनिधिहरूसँग वार्ता गरेर उनीहरूलाई नेपालमा दर्ता हुन, कर तिर्न र स्थानीय कानुनको पालना गर्न प्रोत्साहित गर्नुपर्ने थियो।

**सरकारको भूमिका र समग्र रणनीतिको आवश्यकता**

सरकारको अहिलेको अप्रोच ( पहुँच) अलिकति नपुगेको देखियो। अन्य विकल्प नदिई सीधै प्रतिबन्ध लगाउनु गलत भएको र नेपालको इन्भाइरोमेन्ट, आईटी इकोसिस्टम र कल्चरलाई बुझ्न जरुरी छ। चाइना ले बन्द गर्‍यो, फेसबुक भनेर हामीले बन्द गर्ने स्थिति छैन। चीनको आफ्नै प्लेटफर्महरू छन्। तर नेपालमाको त्यो अवस्था छैन। सरकारले स्वदेशी स्टार्टअपहरूलाई प्रोत्साहन गर्न आफ्नै प्लेटफर्म सिर्जना गर्न वा ठूला लगानीकर्ताहरूसँग साझेदारी गरेर यस्तो वातावरण बनाउन सक्नुपर्छ। सामाजिक सञ्जालको नियमन र सञ्चालनका लागि सरकार एक्लैले निर्णय गर्नुको सट्टा मल्टी–स्टेकहोल्डर (सरकार, निजी क्षेत्र, क्यान महासंघ, नागरिक समाज र स्वयं प्लेटफर्मका प्रतिनिधिहरू) सँग व्यापक छलफल गर्नुपर्छ।

निर्देशन दिएर मात्र समस्या समाधान नहुने भन्दै अधिकारीले समय सुहाउँदो कानुन र नीतिहरू बनाएर प्रविधिलाई कसरी सदुपयोग गर्ने भन्नेतर्फ ध्यान दिन आवश्यक छ। क्यान महासंघ र निजी क्षेत्रले विगत २०–३० वर्षदेखि आईटी उद्योगमा गरेको लगानी र अनुभवलाई सरकारले उपयोग गर्नुपर्छ। समस्याको समाधानतर्फ लैजान ऊर्जा दिन तयार रहेको तर सरकारले समन्वय गर्नुपर्ने आवश्यकता रहेको छ।

सामाजिक सञ्जालमाथिको सरकारी प्रतिबन्धले नेपालको सूचना प्रविधि क्षेत्रमाथि गहिरो संकट निम्त्याएको स्पष्ट पारेको छ। यसले लाखौंको रोजगारी खोस्ने, व्यापार व्यवसायमा असर पार्ने र नवप्रवर्तनको वातावरणलाई ध्वस्त पार्ने खतरा छ। सरकारले 'डिजिटल नेपाल'को सपना साकार पार्ने हो भने प्रतिबन्धको साटो नियमन, सहकार्य र दूरदृष्टि अपनाउनैपर्ने छ। सरकारले तत्काल यो निर्णयमा पुनर्विचार गर्न, सरोकारवालाहरूसँगको सहकार्यमा ठोस र व्यावहारिक समाधान खोज्न र नेपालको डिजिटल भविष्यलाई सुरक्षित गर्न आवश्यक छ। यदि सरकारले निजी क्षेत्र र विज्ञहरूको आवाजलाई बेवास्ता गरेर अगाडि बढ्ने हो भने यसले सूचना प्रविधि उद्योगलाई मात्र नभई देशको समग्र आर्थिक र सामाजिक विकासमा समेत अपूरणीय क्षति पुऱ्याउँछ। नेपालले विकसित राष्ट्रहरूबाट सिक्दै प्रविधिलाई शत्रु नभई मित्रका रूपमा हेर्नुपर्छ।

(कम्प्युटर एसोसिएसन नेपाल ( क्यान) महासंघका वरिष्ठ उपाध्यक्ष तथा साइबर सुरक्षा विज्ञ चिरञ्जीवी अधिकारीसँग रातोपाटीका लागि अनिष मिजारले गरेको कुराकानीमा आधारित) रातोपाटीबाट

# झुम्का कारागारका कैदीबन्दीलाई स्क्रब टाइफस र डेंगु

सुनसरी, २१ भदौ। सुनसरीको झुम्का कारागारमा पछिल्लो समय ठूलो संख्यामा बिरामी कैदी बन्दीको बढेसँगै केहीमा स्क्रब टाइफस र केहीमा डेंगुको समस्या देखिएको छ। अहिलेसम्म गरिएको परीक्षणमध्ये चार जनामा स्क्रब टाइफस र तीन जनामा डेंगुका बिरामी भएको परीक्षणबाट खुलेको हो। झुम्का कारागारमा भदौ १५ गतेदेखि १८ गते चार दिनको अन्तरमा तीन जना कैदी बन्दीको मृत्यु भएको थियो। पाँच सय बढीलाई उच्च ज्वरोले सताएको थियो। त्यो घटनापछि आकस्मिक स्वास्थ्य चेकजाँच टोली खटाएर निरन्तर उपचार गरी रगतको नमुना संकलन गरी परीक्षण गर्दा स्क्रब टाइफस र डेङ्गु भएको पुष्टि भएको कारागार स्वास्थ्य विभागले जनाएको छ। रगतको नमुना परीक्षण गरिएकामध्ये धेरैजसोको रिपोर्ट नेगेटिभ आएको छ, यद्यपि अझै थुप्रैको बिरामीको रिपोर्ट आउन भने बाँकी नै छ।

जिल्ला अस्पताल इनरुवाका चिकित्सक विनेश मण्डलका अनुसार चार जनामा स्क्रब टाइफस भएको प्रमाणित भएता पनि अरु धेरै बिरामीको रिपोर्ट आउनै बाँकी छ। खास गरेर कारागारमा ठूलो संख्या हुँदा संक्रमण छिटो फैलिएर समस्या भएको उनले बताए। झाडीमा मुसाको रगत चुसेर जिउने 'माइट' नामक परजीवीको माध्यमबाट मानिसमा स्क्रब टाइफस सर्छ। माइटमार्फत 'ओरेन्सिया सुसुगामोसी' जीवाणु शरीरमा प्रवेश गरे व्यक्तिमा यो रोग संक्रमण हुन्छ। स्क्रब टाइफस भएको व्यक्तिले उपचार गर्न ढिलाई भए ज्यान जाने बढी खतरा हुन्छ। यस्तै, डेंगु लामखुट्टेको टोकाइबाट सर्ने सङ्क्रामक रोग हो। डेंगुका लागि अब कारागारमा

–बाँकी दुई पेजमा

# मधेशमा बोरिङ गाडिन्छ, सञ्चालन गरिंदैन

**शैलेन्द्र महतो**

जनकपुरधाम, २१ भदौ। मधेश प्रदेशले यसपालि खडेरीको मार खेप्यो। सुक्खा संकटग्रस्त घोषणापछि प्रधानमन्त्री केपी शर्मा ओलीले सिंचाइका लागि ५०० डिप ट्युबेल गाड्ने घोषणा गरे। प्रधानमन्त्रीको घोषणापछि बारा महागढीमाई नगरपालिका–८, जोलगावाका स्थानीय आश्चर्यचकित भए। कारण थियो– ३० वर्षअघि तत्कालीन पर्शुराम गाविस–१ का वडाध्यक्ष हरि महतोको पहलमा गाडिएका डिप ट्युबेल अहिलेसम्म सञ्चालनमा आएका छैनन्। यहाँका किसान मोटर लगाएर सिंचाइ गर्न बाध्य छन्। नागेन्द्र महतो भन्छन्, 'हाम्रो गाउँको बोरिङ तीन दशकदेखि सञ्चालनमा ल्याइएन। प्रधानमन्त्रीले ५०० बोरिङ गाडेर तुरुन्त चलाउने भन्नु त मजाक जस्तै हो।'

धनुषा बटेश्वर गाउँपालिका–१, २ भूचक्रपुर र चित्रपुरमा गाडिएको डिप ट्युबेलको अवस्था पनि उस्तै छ। झन्डै तीन दशकअघि भूचक्रपुर र चित्रपुरमा कृषि तथा पशुपंछी विकास मन्त्रालयअन्तर्गत रहेको कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजबाट दुवै बोरिङ जडान गरिएको थियो। गाडेको तीन दशकसम्म बोरिङ सञ्चालनमा ल्याइएन। वर्षाको भरमा खेतीपाती गर्न गाह्रो भएपछि किसानले खेतमा आँपको बगैँचासहितको रुख–बिरुवा लगाइदिए। चित्रपुरका स्थानीय देवेन्द्र महतो भन्छन्, 'बोरिङ गाडियो। तर सञ्चालनमा ल्याइएन। सिंचाइ अभावमा खेती गर्न समस्या आएपछि सबै किसानले पालैपालो आँप लगाइदिए। अहिले दुवै बोरिङ अलपत्र अवस्थामा छन्।'

महोत्तरी पिपरा गाउँपालिका–७ रतौलीमा सिंचाइ अभावमा साउन तेस्रो सातासम्म धान रोपाइँ भएन। तर दुई दशकअघि गाडिएको १४ इन्चको बोरिङ बन्द अवस्थामा छ। प्रबर्द्धन केन्द्रका सूचना अधिकारीका अनुसार त्यो बोरिङ धेरै पुरानो रहेकाले अब चल्ने अवस्थामा छैन। उक्त बोरिङ गाडेदेखि कहिल्यै सञ्चालनमा नआएको स्थानीय बताउँछन्। यी मात्र होइन, मधेशका ८ वटै जिल्लामा विभिन्न सरकारी निकायले गाडेका यस्ता सयौं डिप ट्युबेल वर्षौंदेखि बन्द अवस्थामा छन्।



मधेश प्रदेशमा ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालय मातहत ५१४ वटा डिप बोरिङ छन् भने कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजबाट जडान गरिएका २५० बोरिङ छन्। तीमध्ये २९३ वटा प्रयोगविहीन छन्। अधुरो छोडिएका २०७ वटा र मर्मत गर्नुपर्ने ८६ वटा छन्।

**मधेशमा ४५३ वटा डिप बोरिङ प्रयोगविहीन**

मधेश प्रदेशमा ७६४ वटा बोरिङ छन्। ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालय मधेश प्रदेश मातहतको निकायअन्तर्गत जम्मा ५१४ वटा डिप बोरिङ छन् भने कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजबाट ८ वटै जिल्लामा जडान गरिएका २५० वटा बोरिङ छन्। तर सञ्चालनमा आधा पनि छैनन्। मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार ५१४ मध्ये सञ्चालनमा २२१ वटा रहेका छन्। २९३ वटा प्रयोगविहीन अवस्थामा छ। सञ्चालनको लागि काम अधुरो रहेका २०७ वटा र मर्मत गर्नुपर्ने ८६ वटा छन्।

सप्तरीमा ६५ वटा डिप ट्युबेल रहेकोमा २१ वटा पूर्ण सञ्चालनमा छन् भने ४४ वटा प्रयोगविहीन अवस्थामा छन्। सिरहामा ७९ वटा रहेकोमा २८ वटा सञ्चालनमा छन् भने ५१ वटा प्रयोगविहीन छन्। धनुषामा ४१ वटा रहेकोमा १३ वटा सञ्चालनमा छन् भने २८ वटा प्रयोगविहीन छन्। महोत्तरीमा ५२ वटामध्ये २९ वटा सञ्चालनमा छन् भने २३ वटा प्रयोगविहीन छन्। सर्लाहीमा ९८ वटामध्ये ४२ वटा मात्र सञ्चालनमा छन् भने ५६ वटा अधुरो प्रयोगविहीन छन्। रौतहटमा ६८ वटा रहेकोमा ३९ वटा सञ्चालनमा छन् २९ वटा प्रयोगविहीन छन्।

बारामा ६२ वटा रहेकोमा २३ वटा मात्र सञ्चालनमा छन् भने ३९ वटा प्रयोगविहीन छन्। पर्सामा ४९ वटा रहेकोमा २६ वटा सञ्चालनमा छन् भने २३ वटा प्रयोगविहीन अवस्थामा रहेको मन्त्रालयले जनाएको छ। कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजबाट मधेश प्रदेशमा ८ वटै जिल्लामा २५० वटा बोरिङ जडान भएकोमा आधासमेत सञ्चालनमा छैनन्। सूचना अधिकारी मनोजकुमार चौधरीका अनुसार २०३३ सालदेखि हालसम्म जडान भएका २०५० बोरिङमध्ये हालसम्म ९० वटा पूर्ण रूपमा सञ्चालनमा छन्। जसमा ९० वटा दक्षिणी भेगमा आर्टिजन बोरिङ छन्।

पानीको सतह तल गएपछि स्वतः चल्ने आर्टिजन बोरिङ धेरैमा पानी आउँदैन। करिब २५ वटा मर्मत हुने अवस्थामा समेत छैन। बाँकी ४५ वटा विद्युतीकरण, उपकरण, व्यवस्थापन लगायत विविध कारणले अलपत्र अवस्थामा छन्। 'धेरै पहिले गाडिएको बोरिङमा डिजेल इन्जिन थियो। त्यसमा कतिपय मर्मत गरेर पनि सञ्चालनमा ल्याउन सक्ने स्थिति छैन,' सूचना अधिकारी चौधरीले भने, 'चल्ने स्थितिमा रहेकामा कतै विद्युतीकरणको समस्या छ। बजेटको अभाव छ।' चौधरीका अनुसार एउटा डिप बोरिङ सञ्चालनमा ल्याउन नालासम्म निर्माण गरेर ९७ लाखदेखि १ करोड २० लाख रुपैयाँ पर्छ। एउटा डिप बोरिङबाट २० देखि ४० हेक्टरसम्म सिंचाइ हुन्छ।

विद्युतीकरण, मर्मत–सम्भार र सरकारी निकायको उदासिनताले वर्षौंदेखि बन्द हुँदा किसान खडेरीको मारमा छन्। भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, जलेश्वर महोत्तरी इन्जिनियर अमलेश यादव विद्युतीकरण, सामान्य मर्मत, ट्रान्सफर्मर जडान, पम्प मर्मत, पाइपलाइन विस्तार तथा पुराना इन्जिन बदल्नुपर्ने जस्ता कारणले बन्द अवस्थामा छन्।

**सिंचाइ मन्त्रालयका सशर्तका ६७ डिप ट्युबेल वर्षौंदेखि अधुरै**

मधेश सरकार मातहत रहेका ५१४ ट्युबेलमध्ये संघीय सरकारले सशर्त हस्तान्तरण गरेका ६७ वटा डिप ट्युबेल प्रणाली सिंचाइ योजना वर्षौंदेखि अधुरा छन्। संघ सरकारले मधेश सरकारलाई २०७४/७५ मा हस्तान्तरण गरेकामध्ये ६७ वटा डिप ट्युबेल भूमिगत सिंचाइ योजना अझै पूरा हुन सकेको छैन। मधेश सरकारको ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयको सिंचाइ महाशाखाले उपलब्ध गराएको तथ्यांकअनुसार ६७ अलपत्र सिंचाइ योजनामध्ये सर्लाही र रौतहटमा २४ वटा छन्। यस्तै बारा र पर्सामा २२ वटा, धनुषा र महोत्तरीमा १२ वटा छन् भने सप्तरी र सिरहामा ९ वटा रहेका छन्। २०७२ देखिका ससर्तका यस योजनामा गत आर्थिक वर्ष २०८१/०८२ मा त संघ सरकारले बजेट नै छुट्याएन।

६७ वटै डिप ट्युबेल सिंचाइ प्रणालीले पूर्णता पाउन १ अर्ब २१ करोड ५१ लाख ५० हजार रुपैयाँ लाग्ने मन्त्रालयले जनाएको छ। वर्षेनी थोरथोरै बजेट छुट्याउँदा हालसम्म यी योजनाले पूर्णता पाउन नसकेको मन्त्रालयका निमित सचिव रामकुमार खंगको भनाइ छ।

**६ इन्चका पावर ड्रिल बोरिङ ५७८ वटा प्रयोगविहीन**

महोत्तरी पिपरा गाउँपालिका–८ रतौलीमा आर्थिक वर्ष २०७५/०७६ मा ७ वटा ६ इन्चका पावर ड्रिल बोरिङ गाडियो। भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, जलेश्वर महोत्तरीबाट गाडिएको बोरिङ अहिलेसम्म सञ्चालनमा आएका छैनन्। बिजुलीको पोल गाडिएको छ। त्यसपछि न तार जडान भयो, न त मोटर। स्थानीय दशरथ दासका अनुसार रतौलीमा १ हजार ५०० बिघामा धान रोप्ने गरिएको छ। 'गाडिएको बोरिङ सञ्चालनमा आएको भए केही खेतमा समयमै रोपाइ हुन्थ्यो होला,' दशरथ भन्छन्, 'अब वर्षाको भर पर्नु बाहेक अर्को विकल्प छैन।'

सिंचाइ विकास डिभिजन कार्यालयका इन्जिनियर अमलेश यादवका अनुसार, बोरिङहरू उपभोक्ता समितिहरूबीचको विवादका कारण सञ्चालनमा आउन सकेका छैनन्। उर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयका अनुसार मधेशका आठवटै जिल्लामा ९४० वटा पावर ड्रिल बोरिङ गाडिएको छ। तर सञ्चालन अवस्था भने डिप बोरिङको भन्दा कम छैन। ९४० मध्ये सञ्चालनमा ३६२ वटा मात्र रहेको मन्त्रालयको तथ्यांक छ। ५७८ वटा प्रयोगविहीन अवस्थामा छन्। ४७६ वटा अधुरो अवस्थामा छन् भने १०२ वटा मर्मत सम्भार गर्नुपर्ने अवस्था रहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका निमित्त सचिव रामकुमार खंग मधेशमा सरकारले पुराना बोरिङमा बजेट दिन छाडेपछि अलपत्र परेका हुन्। 'पछिल्लो समय पावर ड्रिलहरू धेरै गाडिएका छन्। तर कतै बिजुली जडान बाँकी छ। कतै मोटर जडान गर्नुपर्ने छ। सरकारले बजेट दिन छाडेको छ,' खंग भन्छन्।

**बोरिङ गाडिन्छ, नियमन हुँदैन**

खानेपानी तथा सिंचाइ क्षेत्रका जानकार इन्जिनियर रत्नेश्वरलाल कर्ण बोरिङ गाड्ने काम मात्रै भएको तर सञ्चालनमा आए/नआएको नियमन नहुँदा धेरैजसो प्रयोगविहीन भएको बताउँछन्। 'बोरिङ गाडेपछि चलेको छ/छैन, सिंचाइका लागि पानी पुग्यो/पुगेन भनेर नियमन हुनु आवश्यक छ। अहिलेका धेरैजसो बोरिङ सञ्चालनमै नआउने अवस्था देखिएको छ,' उनले भने। डिप ट्युबेल, स्यालो ट्युबेल वा पावर ड्रिल जस्ता प्रणाली गाड्ने निकाय धेरै हुँदा समस्या थपिएको उनले बताए। नक्टाझिज प्रबर्द्धन केन्द्र, कृषि मन्त्रालय, खानेपानी तथा ऊर्जा मन्त्रालयका विभिन्न निकायले आ–आफ्नै ढंगले बोरिङ गाड्छन्, तर समन्वय अभावले काम प्रभावकारी नभएको उनको तर्क छ। ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयका निमित सचिव रामकुमार खंग सिंचाइ बोरिङ धेरै गाड्दा त्यसले खानेपानीको समस्या हुनसक्ने बताउँछन्।

## सामाजिक प्लेटफर्म...

सामाजिक संस्कार, पारिवारिक सम्बन्ध र बालबालिकाको शैक्षिक भविष्यलाई पनि सुरक्षित गर्ने अनुमान गरिएको छ।

जनकपुरधामका अभिभावक सञ्जय साह भन्छन्, "हिजोअस्ति छोराछोरी किताबभन्दा बढी मोबाइलको पर्दामा हराइरहेका थिए। अब तिनीहरूलाई पढाइमा फर्काउने अवसर मिल्ने छ भन्ने विश्वास पलाएको छ।" स्थानीय व्यवसायी बिरेन्द्र पण्डित भन्नुहुन्छ, "मोबाइलले परिवारभित्र दूरी बढाएको थियो। एउटै कोठामा बस्दा पनि सबैजना मोबाइलमै व्यस्त हुने अवस्था थियो।

मनोविज्ञानका शिक्षक हरिप्रसाद यादव भन्नुहुन्छ, "सामाजिक सञ्जाल आफैँमा नराम्रो होइन, तर यसको अनियन्त्रित प्रयोगले पारिवारिक मूल्य र सामाजिक सम्बन्ध कमजोर बनाएको छ। सरकारले लिएको निर्णय अस्थायी भए पनि यसले मानिसलाई आत्ममूल्याङ्कन गर्न बाध्य बनाउने छ।" महिलाहरूमा पनि सामाजिक सञ्जालको प्रयोगले असर पारेको भन्दै शिक्षिका गीता सुवेदीले समय बिताउने नाममा मोबाइलमै गुम्सिएर बस्ने प्रवृत्तिले घरभित्रको आत्मीयता र संवाद घटाएको अनुभूति सुनाउनुभयो। अहिलेको अवस्था निरन्तर रहयो भने महिलालाई सामाजिक गतिविधि, भेटघाट र वास्तविक जीवनका कुरामा फर्काउन सकिने उहाँको विश्वास छ। सामाजिक सञ्जालका प्लेटफर्महरूलाई बन्द गर्नुभन्दा पनि कानुन अनुसार व्यवस्थित गरेर उचित प्रयोगलाई बढावा दिन जरुरी रहेको छ।

## *झुम्का कारागारका...*

मच्छडको औषधी छर्ने तयारी भएको जानकारी दिइयो।

सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र मिश्रका अनुसार कारागारका सम्पूर्ण कैदी बन्दीको एक चरणमा रोग पत्ता लगाउने ढंगले स्वास्थ्यकर्मीको टोलीले काम गरिरहेको बताए। 'अहिले त अन्डर कन्ट्रोलमै छ,' उनले भने, 'प्रदेश स्वास्थ्य कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय र बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको अलग अलग टोली सक्रिय भएर काम गरी रहेको छ।' बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका सह प्रवक्ता डाक्टर अभिजीतकुमारले पनि शुक्रबार एक विज्ञप्ति जारी गरी निरन्तर रुपमा रोग पहिचान गरी उपचारमा खटिएको जनाएका छन्। उनले बिपी प्रतिष्ठानमा उपचारका लागि भर्ना गरिएको बिरामीको अवस्था सुधार हुँदै गएको जनाएका छन्। दुई साता अघिदेखि सात–आठ जनाबाट सुरु भएको झुम्का कारागारका कैदीबन्दीमध्ये सिकिस्त १३ जना उच्च ज्वरोका बिरामीलाई उपचारका लागि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको छ। अहिले झुम्का कारागारमा पाँच सय भन्दा बढी ज्वरोका बिरामी रहेका छन्। ती बिरामीका लागि बुधबार रातभर शिविर सञ्चालन गरेर उपचार गरिएको थियो। सिजनल बिरामीबाहेक पाँच सयकै हाराहारीमा दीर्घ रोगी पनि रहेका छन्। जसमा टिभी, दम, सुगर, प्रेसर, थाइराइड र मानसिकका बिरामी रहेका छन्। झुम्का कारागारको ब्लक 'ए' र 'बि' गरी १ हजार सात सय ९८ जना कैदी रहेका छन्।

# भारतमा कर परिवर्तन नेपालमा चिन्ता



**नवराज कट्टेल**

विराटनगर, २१ भदौ। भारत सरकारले वस्तु तथा सेवा कर ( जिएसटी) दरमा परिवर्तन गरेपछि त्यसको असर नेपाली बजारमा झन् बढी पर्ने चिन्ता विराटनगरका उद्योगी व्यवसायीले गरेका छन्। नेपालका करका दर, कारण वस्तु उत्पादन लागत बढी पर्ने गर्छ। भारतले घटाएको जिएसटी दरको प्रभाव खुला सिमाना भएको नेपाल जस्तो देशमा अझै पर्ने चिन्ता गरिएको हो।

भारतले राजस्व तथा सेवा कर ( जिएसटी) का चार वटा स्ल्याबलाई घटाउँदै दुई तहमा झार्ने प्रस्ताव गरेको छ। भारतको ५६ औँ जिएसटी परिषद्को बैठकले अत्यावश्यक वस्तु सस्तो बनाउने उद्देश्य राखेर यस्तो प्रस्ताव गरेको हो। यो यही सेप्टेम्बर २२ देखि नयाँ दर लागु हुने छ जसको प्रभाव नेपाली बजारमा चाडपर्वकै बेला पर्ने उद्योगी व्यापारीको भनाइ छ। यस अवस्थामा मोरङ उद्योग व्यापार संघले नेपाल सरकारले तत्काल केही नीतिगत सुधार नगरे देशका उत्पादन र उत्पादकत्वमा नराम्रोसँग प्रभाव पार्ने जनाएको छ। संघका अध्यक्ष अनुपम राठीका अनुसार अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र भन्सारदरका कारण नेपाली वस्तुको मूल्य भारतको भन्दा बढी रहँदै आएको छ। त्यसमा पनि पछिल्लो परिमार्जित जिएसटी प्रणाली लागु हुँदा भारतमा उत्पादन हुने वस्तु अझै सस्तो हुने छ।

अध्यक्ष राठीका अनुसार नेपाली उपभोक्ता सीमापार भारतका बजारमा अहिले पनि आकर्षित छन्। चोरीपैठारी पनि अत्यधिक छ। परिवर्तित जिएसटी लागु भएपछि भारतका बजारमा अझै नेपाली उपभोक्ता बढ्ने छन् भने खुला सीमानाकाबाट चोरीपैठारी पनि बढ्ने छ। यस्तो भएमा नेपालका सीमावर्ती बजारको अवस्था कमजोर हुने छ। अध्यक्ष राठीका अनुसार टेक्स्ट टायल, स्टेसनरी, खाद्यान्न, जुताचप्पलमा यसको असर बढी पर्ने छ।

संघले नेपाल सरकारले तत्काललै बहुदरको कर प्रणाली अवलम्बन गर्नुपर्ने सुझाव दिइएको छ। जसमा अत्यावश्यक वस्तुमा न्यून कर, मध्यम वर्गीय वस्तुमा मध्यम कर र विलासी वस्तुमा उच्च करको रणनीति बनाउन भनिएको छ। यसै गरी दैनिक उपभोग्य वस्तुका अन्तःशुल्क र भन्सार महसुल घटाउनुपर्ने, स्वदेशी उद्योगलाई परिरहेको नकारात्मक असरलाई कम गर्न करका दर परिवर्तन गर्नुपर्ने सुझाव दिइएको छ। यसै गरी संघले उच्चस्तरीय आर्थिक सुधार आयोगको सुझाव पूर्ण रूपमा अवलम्बन गर्नुपर्ने सरकारसँग माग गरेको छ।

उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले अमेरिकाले भारतीय उत्पादनमा ५० प्रतिशत महसुल लगाउने निर्णय गरेपछि भारतले आन्तरिक खपत बढाउने उद्देश्य लिएको बताउनुभयो। भारतले राजस्व वृद्धि गर्न जिएसटीमा परिवर्तन गर्दा त्यसको प्रभाव नेपालमा पर्ने अध्यक्ष राठीको भनाइ छ। अध्यक्ष राठीका अनुसार ५, १२, १८ र २८ दरका चार वटा स्ल्याबमध्ये पाँच र १२ प्रतिशत मात्र कायम भएका छन्। त्योसँगै सुर्ती, पानमसला र महँगा गाडीका लागि भने भारत सरकारले उपकर (सेस) भन्दै जिएसटी ४० प्रतिशत पुऱ्याएको छ।

अध्यक्ष राठीका अनुसार जिएसटी १८ प्रतिशत लाग्दै आएका दैनिक उपभोग्य वस्तुको दर पाँच प्रतिशतमा झारेको छ। यस्ता वस्तुमा मन्जन, टेल्कम पाउडर, स्याम्पुलगायतका १७५ भन्दा बढी छन्। दैनिक उपभोगमा आउने कपडा, अन्य खाद्यवस्तु, एफएमसिजीलगायतका सामग्रीमा पनि पाँच प्रतिशत नै कायम छ।

यसै गरी हस्पिटालिटी र मनोरञ्जन क्षेत्रका होटेल बुकिङ र सिनेमा टिकटमा पनि १२ प्रतिशतबाट पाँच प्रतिशतमा झारिएको छ। स्वास्थ्य सेवा अन्तर्गत १२ प्रतिशत लागिरहेका औषधी र चिकित्साका सामग्रीलाई पाँचमा झारिने प्रस्ताव गरेको। यसले खुला सीमानाकाबाट अब औषधी पनि चोरीपैठारी हुने सामग्रीमा पर्ने दाबी गरिएको छ।

# सञ्जाल बन्दको विरोधमा उत्रिएका पाँच पक्राउ



काठमाडौं, २१ भदौ। सामाजिक सञ्जाल बन्दको विरोधमा उत्रिएका पाँच जना युवाहरू पक्राउ परेका छन्। काठमाडौंको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र अगाडि प्रर्दशनमा उत्रिएका पाँच जना युवाहरूलाई प्रहरीले पक्राउ गरेको हो। युवाहरूको संस्था 'युथ कंग्रेस नेपाल'द्वारा आयोजित प्रदर्शनका क्रममा सो संस्थाका महामन्त्रीसहित पाँच जना पक्राउ परेका हुन्। उनीहरू मुखमा मास्क र त्यसमाथि कालो टेप लगाएर सांकेतिक विरोधस्वरुप प्रदर्शनमा उत्रिएका थिए। पक्राउ पर्नेहरूमा महामन्त्री प्रभात कुमार ठाकुर, कोषाध्यक्ष विराज अर्याल, केन्द्रीय समिति सदस्यहरू सुजन राज गिरी र धिरज सञ्जेल, सदस्य आशिष शर्मा रहेका छन्।

सामाजिक सञ्जालमाथि गरिएको प्रतिबन्धको विरोध गर्दै अभिव्यक्ति स्वतन्त्रता र लोकतन्त्रको रक्षा गर्नु आफूहरूको उद्देश्य रहेको सो संस्थाका सदस्यहरूले बताएका छन्। संस्थाले पक्राउ परेका सबैलाई बिना शर्त रिहाइ गर्न माग गरेको छ।

'भविष्यमा यस प्रकारका शान्तिपूर्ण आन्दोलनलाई गैर–लोकतान्त्रिक शैलीमा रोक्ने प्रयास नगर्न सम्बद्ध सबै पक्षलाई सचेत गराउन चाहन्छौं,' संस्थाले विज्ञप्तिमार्फत भनेको छ।

# मधेशमा हजार मेगावाटको सौर्य विद्युत् परियोजना तयारी भइरहेको छ : उद्योगमन्त्री कुशवाहा

**शंकर आचार्य**

पर्सा, २१ भदौ। मधेश प्रदेश सरकारका उद्योगमन्त्री बसन्त कुशवाहाले प्रदेश सरकारले १ हजार मेगावाटको सौर्य विद्युत् परियोजनाको तयारी गरिरहेको जनाएका छन्। मधेश प्रदेश सरकारले आउँदो जनवरी दोस्रो साता गर्न लागेको लगानी सम्मेलन तयारीबारे यहाँका उद्योगी/व्यवसायीलगायत सरोकारवालासँगको छलफलमा उनले यस्तो बताएका हुन्। 'प्रदेश सरकार कमला नदीको आसपासको चुरे पर्वतको सिरानमा भए पनि १ हजार मेगावाटको सौर्य विद्युत् परियोजनाको तयारीमा लागेको छ,' उनले भने, 'यसका लागि लगानी सम्मेलनबाट पनि लगानी जुटाउने सोच छ।'

लगानी सम्मेलनबाटै मधेशमै युरिया मल उत्पादन गर्ने उद्योग स्थापनाका लागि पनि लगानी जुटाउन सकिने उनले बताए। 'डीएपी मल उत्पादन गर्न बढी लगानी चाहिन्छ,' उनले भने, 'तत्काललाई युरिया मल मात्र उत्पादन गर्ने भए पनि मधेश प्रदेशमै मल उद्योग उत्पादन गर्न पनि लगानी जुटाउन सकिन्छ।' मधेशका प्रत्येक जिल्लामा विशेषज्ञ सेवासहितको ५ सय शय्याको अस्पताल निर्माण गर्ने लक्ष्य पनि मधेश सरकारको रहेको उनले बताए। सम्मेलनमा शिक्षा, पर्यटन, लजिस्टिक, बिउबिजन उत्पादन, जैविक मल उत्पादन आदि क्षेत्रमा पनि लगानी जुटाउन सकिने उनको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानीले लगानी सम्मेलनअघि वीरगन्जको पायक पर्ने सिमरा विमानस्थल र यससँग जोडिएका सडकहरुको स्तरोन्नति आवश्यक रहेको सुझाए। सम्मेलनअघि वीरगन्जलाई नेपालको आर्थिक राजधानी घोषणा पनि गरिनु पर्ने उनले बताए। उनले मधेशमा सौर्य उर्जा क्षेत्रमा विदेशी लगानी आउन सक्ने तर सोलार परियोजनाहरुलाई सुरक्षाको प्रत्याभूति दिइनु पर्ने उनको भनाइ थियो। उनले मधेशमा कृषि, रासायनिक मल र मोटर पार्ट्स क्षेत्रमा लगानी भित्र्याउनु उपयुक्त हुने धारणा राखे।

वीरगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अशोककुमार वैद्यले वैदेशिक लगानी भित्रिनुअघि तीन तहको कर प्रणालीमा रहेको जटिलताहरु हटाइनु पर्ने, उद्योग संचालनको इजाजत दिँदा एकद्वार प्रणालीबाट दिइनु पर्ने बताए। भारतको बिहार र उत्तर प्रदेश सरकारसँग मधेशको संयुक्त पर्यटन बोर्ड गठन गरेर भारतीय पर्यटक भित्र्याउन गृहकार्य थाल्नु पर्ने उनको सुझाव थियो। वीरगन्जलाई आर्थिक र जनकपुरलाई धार्मिक राजधानी घोषणा गरिनु पर्ने उनको सुझाव थियो। वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले मधेशमा लगानी सम्मेलन अघि निजी क्षेत्र मैत्री लगानी कानुन आइसक्नु पर्नेमा जोड दिए। उनले मधेशको आर्थिक विकासका लागि १० वर्षे आर्थिक नीति बनाइनु पर्ने पनि बताए।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)